ओमसतिया गाउँपालिका उपाध्यक्ष

सुन्दरमती कुमारी हरिजनले

# सातौं गाउँसभा बैठकमा प्रस्तुत गर्नुभएको

## आर्थिक बर्ष-२०७७/०७८ को

## बजेट तथा कार्यक्रम

ओमसतिया गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

हाटीफर्साटिकर, रुपन्देही

प्रदेश नं. ५, नेपाल

२०७७ साल आषाढ १० गते

सुन्दरमति

**आदरणीय ओमसतिया गाउँपालिका अध्यक्ष, गाउँसभा सदस्य तथा राष्ट्रसेवक कर्मचारीहरु,**

- कोरोना भाइरसको संक्रमणबाट फैलिएको कोभिड-१९ रोगबाट सिर्जित प्रतिकूल परिस्थितिमा यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७७/७८ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।
- आर्थिक वर्ष २०७७/७८ को बजेट प्रस्तुत गरिरहँदा म संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना सम्मका क्रान्ति तथा संघर्षहरुमा आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने महान शहिदहरुलाई स्मरण गर्न चाहन्छु। साथै नेपाली समाज रुपान्तरणको क्रममा अग्रपंक्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। घाईते योद्धा र बेपत्ता नागरिकहरुलाई यस अवसरमा सम्मानका साथ सम्झन चाहन्छु।
- विश्वव्यापी रुपमा फैलिन गएको कोभिड-१९ को महामारीले हाम्रा प्राथमिकताहरु अचानक फेरिन पुगे। जीवन रहे जीवन सुधार्न र सिंगार्न सकिन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै महामारी विरुद्धको अभियानमा उपलब्ध सबै साधन स्रोतको यथोचित परिचालन गरिरहेका छौं। महामारीका विरुद्धको संघर्षकै बीचमा पनि जिवनको सहजताका लागी अधिकतम कोशिस गरिरहेका छौं।
- यी यस्ता यावत प्रतिकूलता र चुनौतिका बाबजुत वित्तिय अनुशासन कायम गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम राख्न मद्दत गर्नेगरी स्वास्थ्य सेवा लगायत अत्यावश्यक सेवा प्रवाहको सुनिश्चितता गर्नुपर्ने भएको छ। त्यसका लागि उपलब्ध साधन स्रोतको कुशलतम विनियोजन गर्नुको विकल्प हामीसँग छैन।
- बन्दाबन्दीका कारण कृषि, व्यापार व्यवसाय तथा विकाश निर्माण सबैतिर प्रत्यक्ष असर पुग्न गएको छ। आम्दानी घट्ने तर खर्चको चाप भने झन् बढीरहेको विषम परिस्थितिमा हामी छौं।
- स्थानीय तह आफैंमा नयाँ शासन प्रणालिको नयाँ संरचना भएको कारणले साधन, श्रोत र जनशक्ति अभाव एवम् भौतिक पूर्वाधारहरुको कमी छदैंछ। यसबीचमा आधारभुत संरचना तयार भएपनि कार्यान्वयन गर्ने संगठनहरुको संस्थागत क्षमता वृद्धि गर्नुपर्ने आवश्यकता छ। त्यसमाथि कोभिड-१९ बाट सिर्जित थप आर्थिक सामाजिक चुनौतीहरुको सम्बोधन गर्नुपर्ने बाध्यात्मक परिस्थिती हाम्रा सामु छन्।

**आदरणीय ओमसतिया गाउँपालिका अध्यक्ष, गाउँसभा सदस्य तथा राष्ट्रसेवक कर्मचारीहरु,**

- अब म कोभिड -१९ नियन्त्रण र उपचारको सम्बन्धमा ओमसतिया गाउँपालिकाले गरेका प्रयासका बारेमा संक्षेपमा चर्चा गर्न चाहन्छु। कोभिड-१९ को असर नेपालमा पर्ने सम्भावनालाई दृष्टिगत गरि गाउँपालिकाले समयमा नै मेला महोत्सव जस्ता भिडभाड जन्य गतिबिधिमा रोक लगाउने कार्य गरेको थियो। नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरेसँगै यस ओमसतिया गाउँपालिकाले त्यसको



सुन्दरमति
सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

सुन्दरमति

प्रभावकारी कार्यान्वयनमा जोड दियो। भारत लगायत अन्य देशबाट नेपाल प्रवेश गरेका नागरिकको व्यवस्थापन तथा नेपालको विभिन्न ठाउँबाट रोजगारिको सिलसिलामा यस गाउँपालिकामा कार्यरत नागरिकलाई सम्बन्धित ठाउँमा पुर्याउन पहल गरियो।

- ओमसतिया गाउँपलिका कोभिड-१९ को नियन्त्रण र उपचारको काममा सुरुदेखी नै सक्रिय रह्यो। विश्व स्वास्थ्य संगठनको प्रोटोकल र नेपाल सरकार स्वास्थ्य मन्त्रालयको गाइडलाइन अनुरुप हुने गरी क्वारेन्टाइन निर्माण तथ व्यवस्थापनमा जोड दियौं। आज ती प्रयासहरु कोभिड-१९ नियन्त्रण र उपचारको आधार बन्न पुगेका छन्।
- ओमसतिया गाउँपालिकाले **प्रकोप व्यवस्थापन कोष** स्थापना गरी उक्त कोषमा गाउँपालिकाले रु. ७१ लाख १२ हजार, प्रदेश सरकारद्वारा प्रदान गरिएको रु. १० लाख अन्य संघ सस्थाबाट सहायता स्वरुप प्रदान गरिएको रु २ लाख ६६ हजार, गाउँपालिकाका कर्मचारी तथा शिक्षकहरुको पारिश्रमिक कट्टा गरी रु ४ लाख ५५ हजार गरी कुल रु. ८८ लाख ३३ हजार संकलन गरी सो मार्फत राहत वितरण, क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन लगायतका कार्यहरुमा खर्च गरिरहेको कुरा सम्मानित सभालाई अवगत गराउन चाहन्छु। कोषमा रकम अभाव हुन नदिन चालु आर्थिक बर्षमा गाउँपालिकाको तर्फबाट थप रु. ५० लाख जम्मा गरिनेछ। कोषमा योगदान गर्ने सबैलाई धन्यवाद दिंदै थप सहयोगका लागी आव्हान गर्न चाहन्छु।
- बन्दाबन्दीका बीचमा पनि कृषि कार्यमा असर नपरोस भन्ने कुरामा प्रदेश ५ सरकारले कृषकहरुलाई राहत र विदेशबाट फर्किएका युवाहरुलाई तत्काल कृषि पेशामा आकर्षित गर्नको लागी कोभिड विशेष कृषि कार्यक्रम मार्फत यस गाउँपालिकालाई रु. २८ लाख रकम विनियोजन गरी पठाएको जानकारि गराउँदछु। यसबाट कोभिड -१९ का कारणले निरुत्साहित बन्न पुगेका किसानलाई थोरै भएपनि राहत पुग्ने विश्वास लिएको छु।

**आदरणीय ओमसतिया गाउँपालिका अध्यक्ष, गाउँसभा सदस्य तथा राष्ट्रसेवक कर्मचारीहरु,**

अब म ओमसतिया गाउँपालिकाको चालु आर्थिक वर्षको बजेट कार्यान्वयन र आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु।

- स्थानीय सरकार स्थापनाको छोटो समयमै स्थानिय सरकारका लागी आवश्यक आधारभुत सांगठनिक संरचना तथा कानुनी आधारहरु तयार भएका छन। आगामी वर्षदेखी यस ओमसतिया गाउँपालिका पुर्ण क्षमताका साथ बजेट कार्यक्रम कार्यान्वयन गर्न सक्ने अवस्थामा पुग्नेछ।
- चालु आर्थिक वर्षको बजेट कार्यान्वयन गरिरहँदा दोस्रो चौमासिकसम्म आइपुग्दा हामी उत्साहित थियौं। विकास निर्माण र ठेक्कापट्टाका कामले गति लिदैं थिए। त्यसबाट वर्षको अन्त्य सम्ममा



सुन्दरमति
सुन्दरमती कुमारी हरिजन
आर्थिक समिती संयोजक

सुदरमती

बजेट खर्चका दृष्टिकोणबाट लक्ष्यको नजिक पुग्ने बलियो आधार तयार भएको थियो। बजेट कार्यान्वयनमा तीव्रता आउँदै गरेका बेला अचानक कोभिड-१९ को महामारी सामना गर्नुपर्ने प्रतिकूल अवस्था उत्पन्न भई हाम्रा प्रयासहरु ठप्प हुन गए।

- चालु आर्थिक वर्ष नेपाल सरकारबाट सशर्त आयोजना तथा कार्यक्रम कार्यान्वयको लागि रु. १० करोड २२ लाख ४० हजार यसै गरी प्रदेश ५ सरकारबाट सशर्त अनुदान आयोजनाका लागि ८० लाख, समपुरक अनुदानतर्फ रु १ करोड ५० लाख, विशेष अनुदानतर्फ रु ५२ लाख र गाउँपालिकाको आन्तरीक श्रोत तर्फ रु ८७ लाख ३९ हजार प्राप्त भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।
- चालु आर्थिक वर्षको जेठ मसान्तसम्म यस गाउँपालिकाको कुल खर्च बिनियोजित बजेटको ५१.५६ प्रतिशत रहेको छ। जसमध्ये चालु खर्च ७१.४४ प्रतिशत र पुँजिगत खर्च ३५.२३ प्रतिशत रहेको छ।

**आदरणीय ओमसतिया गाउँपालिका अध्यक्ष, गाउँसभा सदस्य तथा राष्ट्रसेवक कर्मचारीहरु,**

अब म गरिमामय सभा समक्ष आर्थिक वर्ष २०७७/७८ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छुः

**प्रस्तुत बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन्-**

- स्वास्थ्य क्षेत्रका पुर्वाधार जनशक्ति र क्षमता विस्तार गरी स्वास्थ्य सेवामा आम जनताको पहुँच बढाउने।
- कोभिड-१९ बाट शिथिल बनेको गाउँपालिकाको आन्तरीक आयलाइ चलायमान र गतिशिल बनाउने।
- कृषी उत्पादनमा थप अवसरहरु सिर्जना गर्दै गाउँपालिकालाई क्रमशः आत्मनिर्भर बनाउने।
- बजेट कार्यान्वयनमा सुधार सुशासन प्रत्याभुत गर्ने।

**यस बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन-**

- स्वास्थ्य क्षेत्रको स्तरोन्नती र विस्तार गरी स्वास्थ्य सेवामा आम नागरिकको पहुँच वृद्धि गर्ने। शिक्षा लगायत सामाजिक क्षेत्रको विस्तार र विकास गर्ने।
- कृषि क्षेत्रमा उत्पादनका साधनमा सरल पहुँच र नविनतम प्रविधिको उपयोग बढाउँदै युवा पुस्तालाई आकर्षित गर्ने ।

सुदरमती
सुन्दरमती हरिजन
न्यायिक समिती संयोजक

सुदरमति

- आर्थिक सामाजिक क्षेत्रको समग्र विकासमा टेवा पुग्ने गरी दीगो पूर्वाधार विकासमा जोड दिने।
- यस गाउँपालिकालाई डिजिटल गाउँपालिकामा रुपान्तरण गर्ने गरी सूचना प्रविधिको विकास र उपयोगमा जोड दिने।
- सार्वजनिक खर्चलाई मितव्ययी एवम् नतिजामुखी बनाउने। अनुत्पादक क्षेत्रमा खर्च कटौती गर्ने।

**आदरणीय ओमसतिया गाउँपालिका अध्यक्ष, गाउँसभा सदस्य तथा राष्ट्रसेवक कर्मचारीहरु,**

अब म आर्थिक वर्ष २०७७/७८ को व्ययको अनुमान प्रस्तुत गर्दछुः

**नेपाल सरकार र प्रदेश सरकारसँगको सहकार्य र अनुदान-**

- ➢ नेपाल सरकारबाट र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनमा लैजाने व्यवस्था मिलाएको छु।
- ➢ ओमसतिया गा.पा सिफारिसमा प्रदेश सरकारबाट स्वीकृत भइ आएका समपूरक अनुदान तर्फका आयोजना तथा कार्यक्रमहरु प्राथमिकताका साथ कार्यान्वयन हुने व्यवस्था मिलाएको छु । गा.पा. को लागत सहभागिता सुनिश्चतता गर्ने गरी जम्मा रु ३ करोड विनियोजन गरेको छु।
- ➢ प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान तर्फका मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगारी सिर्जना कार्यक्रमका लागी रु ६० लाख विनियोजन गरेको छु।

अव म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।

**स्वास्थ्य क्षेत्रको स्तरोन्नरी र विस्तार-**

- ➢ कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागी स्थानीय स्तरमा रही सक्रियता पूर्वक खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीको मनोवल उच्च बनाउन जोखिम भत्ता तथा व्यक्तिगत सुरक्षा सामाग्री (Mask, PPE, Senitizer) लगायतका स्वास्थ्य सामाग्री उपलब्ध गराइनेछ। यसका लागी रु ३७ लाख विनियोजन गरको छु।
- ➢ मातृ तथा नव शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यक्रम, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमका लागी सशर्त अनुदानबाट वजेट व्यवस्था भएको छ।
- ➢ सुत्केरी महिला तथा नवजात शिशुको जीवन रक्षाका लागी अहोरात्र खटिने महिला स्वास्थ्य स्वंयसेविकाहरुलाइ यातायात खर्च उपलब्ध गराइनेछ। नयाँ छनौट भएका स्वास्थ्य स्वंयसेविकाहरुका लागी क्षमता अभिबृद्धी तालीम संचालनमा ल्याइनेछ। ६० वर्ष माथिका महिला



सुदरमति
सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

स्वास्थ्य स्वंयसेविकाहरुको सेवाको उच्च मुल्यांकन गर्दै विदाइ तथा सम्मान कार्यक्रम संचालन गरिनेछ। यसको लागी रु ८ लाख ८५ हजार विनियोजन गरेको छु ।

- स्वास्थ्य सेवालाइ विद्यालय स्तरमै पुर्याउने उद्धेश्यले मा.वि तहका विद्यालयमा विद्यालय नर्स कार्यक्रम संचालनमा ल्याइनेछ। सो को लागी रु ६ लाख विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थाहरुको सुदृढीकरणलाइ प्राथमिकता दिइनेछ। छोटकीरामनगर स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर संचालनमा ल्याइनेछ। वडा नं. १ र छोटकीरामनगर स्वास्थ्य चौकीमा ल्याव संचालनलाइ व्यवस्थित गरिनेछ। प्रत्येक स्वास्थ्य संस्थाहरुमा पानी, विजुली, संचार तथा इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ। यसका लागी रु १५ लाख ५० हजार विनियोजन गरेको छु।

**पशु सेवा तथा कृषी विकास क्षेत्र तर्फ-**

- पशु विमा कार्यक्रमलाइ निरन्तरता दिन रु ५ लाख वजेट विनियोजन गरेको छु।
- कृषकहरुलाइ व्यवसायीक पशुपालन तालीम संचालन गर्न तथा उन्नत खालका पशुपंक्षी वितरण गर्न रु २१ लाख वजेट विनियोजन गरेको छु।
- पशुपंक्षीमा लाग्ने विभिन्न किसिमका रोगहरुको रोकथाम तथा नियन्त्रण गर्न भ्याक्सिनेशन तथा औषधी खरीदमा रु २२ लाख बजेट विनियोजन गरेको छु।
- प्रधानमन्त्री कृषी आधुनिकिकरण परियोजना अन्तर्गत सशर्त अनुदानबाट राष्ट्रिय र स्थानीय स्तरमा खाद्य सुरक्षामा टेवा पुर्याउने साना व्यवसायीक कृषी उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम र बाखाका साना व्यवसायीक कृषी उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनका लागी आवश्यक वजेटको व्यवस्था भएको छ।
- कृषकलाइ पशुपंक्षी स्याहारको लागी हिउँदे घाँस तथा बर्खे घाँसको वीउ वितरण गर्ने तथा पशुपालक कृषकको लागी च्यापकटर मेशिन वितरण गर्न रु ११ लाख वजेट विनियोजन गरेको छु।
- कृषकहरुका लागी धान, गहुँ, बसन्ते मकै, मसुरो, रहर, बोडी, मास, मुङ, सुर्यमुखी, उन्नत तरकारी, जैविक विषादी, जिङ्क सल्फेट, ढौंचाको मल अनुदानमा लागत साझेदारीमा वितरण गर्न रु २८ लाख वजेट विनियोजन गरेको छु।
- कृषि प्रयोजनका लागि व्यवसायिक फर्म दर्ता गरी जग्गा भाडामा लिइ व्यवासायिक खेती गर्ने किसानलाइ आवश्यक बजेट विनियोजन गरेको छु ।

सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

सुदरमति

- मागमा आधारित कृषी यान्त्रिकीकरण औजारहरु वितरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- कृषकलाइ खाद्यान्न उत्पादनमा बढवा दिन विभिन्न किसिमका वेमौसमी तरकारी खेती, खाद्यान प्रविधि उत्पादन तालिम, तरकारी उत्पादन, कृषक पाठशाला लगायतका कार्यक्रमलाइ रु ७ लाख ५० हजार वजेट विनियोजन गरेको छु।
- व्यवसायीक रुपमा मौरी पालक कृषकलाइ ७५ प्रतिशत अनुदानमा मौरीको घार, गोला वितरण गर्न उल्लेखीय वजेट विनियोजन गरेको छु।
- कृषी हाटबजार एग्रोभेटको व्यवस्थापन गर्न एवं वडा तथा पालिका स्तरीय कृषी संजाल गठन गरी कृषी सहकारीलाइ प्रोत्साहन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

युवा, खेलकुद तथा शिक्षा क्षेत्र तर्फ-

- गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता गरी विद्यार्थीको प्रतिभा पहिचान गर्न रु २ लाख वजेट विनियोजन गरेको छु।
- सामुदायीक विद्यालयको मर्मत संभार तथा सामुदायीक विद्यालयमा कलर कोड गर्न रु १५ लाख वजेटको व्यवस्था गरेको छु।
- आधारभुत तथा माध्यमिक तहका स्वीकृत दरवन्दीका सम्पूर्ण शिक्षक/शिक्षिकाका लागी तलब भत्ता, सार्वजनिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाइ छात्रवृती प्रदान गर्न सशर्त अनुदानबाट आवश्यक वजेटको व्यवस्था भएको छ। गाउँपालिका नियुक्ति गरेको गा.पा. शिक्षकको तलब भत्ता बालविकास सहयोगी कार्यकर्ता एवं कर्मचारीको लागी थप तलब गरी एकमुष्ठ रु ४८ लाख २० हजार वजेटको व्यवस्था गरेको छु।
- प्रति विद्यार्थी लागतका आधारमा कक्षा ८ परीक्षा व्यवस्थापनमा सशर्त अनुदान मार्फत आवश्यक वजेट विनियोजन भएको छ। सामुदायीक विद्यालयको परीक्षा संचालन तथा गाउँपालिका स्तरीय आधारभुत तहको अन्तिम परीक्षा संचालन गर्न रु ९ लाख वजेट विनियोजन गरेको छु।
- कक्षा ११ र १२ संचालन भएका सामुदायिक विद्यालय र गा.पा अन्तर्गतका ५ वटै धार्मिक विद्यालय (मदरसा) संचालन व्यवस्थापनका लागी रु २३ लाख बजेटको व्यवस्था गरेको छु।
- प्रारम्भिक कक्षा (१-३) तथा वालविकास सहयोगी कार्यकर्तालाइ शैक्षिक तथा उत्प्रेरणात्माक तालिम संचालन गर्न एवं शिक्षक तथा विद्यार्थीको बीचमा अतिरिक्त क्रियाकलाप संचालन गर्न रु ६ लाख ५० हजार वजेटको व्यवस्था गरेको छु।



सुदरमति
सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

सुदरमति

- सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागी निशुल्क पाठ्यपुस्तक वितरण गर्न सशर्त अनुदान मार्फत आवश्यक वजेट विनियोजन भएको छ। शैक्षिक गुणस्तर अभिबृद्धी गरी नीजि विद्यालयसँग प्रतिस्प्रधात्मक दक्ष जनशक्ति उत्पादन गर्ने उद्धेश्य अनुरुप नर्सरी देखि कक्षा ४ सम्मका सामुदायीक विद्यालयका विद्यार्थीहरुलाइ अंग्रेजी माध्यमको पाठ्यपुस्तक खरीद गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु।
- सामुदायीक विद्यालयमा विद्यार्थीलाइ आकर्षित गर्न तोकिएका विद्यार्थीलाइ दिवा खाजाको व्यवस्थापन एवं छात्राहरुलाइ निशुल्क सेनिटरी प्याड वितरण गर्न सशर्त अनुदानबाट आवश्यक वजेटको व्यवस्थापन भएको छ।
- विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवं प्र.अ तथा गाउँपालिका बीच अन्तक्रिया कार्यक्रम गरी सामुदायीक विद्यालयको गुणस्तर अभिबृद्धी गर्न उल्लेखीय वजेट विनियोजन गरेको छु।

**सामाजिक विकास क्षेत्र तर्फ-**

- न्यायीक समितिको काम कार्वाहीलाइ अझ प्रभावकारी वनाउन मेलमिलाप कर्ताहरुको क्षमता अभिबृद्धी गर्ने। प्रत्येक वडामा गठित मेलमिलाप समितिको व्यवस्थापकिय सुधार गर्ने। यसका लागी रु १० लाख वजेट विनियोजन गरेको छु।
- 'ग' बर्गको अपाङ्गता भएकाहरुलाइ सामाजिक सुरक्षा भत्ता वितरण गर्न, थप अपाङ्गता भएका व्यक्तिलाइ अपाङ्गता परिचय पत्र वितरणको लागी घुम्ती शिविर संचालन गर्न रु ७ लाख ७० हजार बजेट विनियोजन गरेको छु।
- महिला संस्था तथा समिति, बालक्लब, किशोरी समूह एवं महिला सहकारी संस्थामा आवद्ध महिलाहरुको सशक्तिकरणका लागी विभिन्न अन्तरक्रिया, गोष्ठी, तालीम, सेमिनार, समूह परिचालन जस्ता कार्यक्रम संचालन गर्न र विभिन्न दिवसिय कार्यक्रमहरुका लागी एकमुष्ठ रु ५ लाख ८० हजार वजेट विनियोजन गरेको छु।
- एकल महिला गरीब तथा विपन्न महिलाको जीवन स्तरमा सुधार ल्याइ आत्मनिर्भर वनाउन विभिन्न किसिमका तालिम जस्तै- मखमलको जुत्ता बनाउने एडभान्स तालिम, व्यवसायीक तरकारी खेती सम्बन्धी तालिम, चुरा पोते टीका बनाउने तालिम आदी संचालनको लागी रु २ लाख वजेट विनियोजन गरेको छु।

**आदरणीय ओमसतिया गाउँपालिका अध्यक्ष, गाउँसभा सदस्य तथा राष्ट्रसेवक कर्मचारीहरु,**

अव म पुर्वाधार विकास तर्फका कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।



सुदरमति
सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

सुदरमति

- गाउँपालिका तर्फका स्थानीय गौरवका आयोजनाहरु संचालन गर्न चालु आ.ब. मा विद्युतिय बोलपत्र आब्हान गरी आगामी आ.व मा सम्पन्न गर्ने गरी सम्झौता भएका आयोजनाहरुलाइ निरन्तरता दिन आवश्यक वजेटको व्यवस्था मिलाएको छु।
- जनजागृती मा.वि. हाटीफर्सीटिकर-३ को विद्यालय भवन निर्माण सम्पन्न गर्न रु १ करोड ४२ लाख रकम विनियोजन गरेको छु।
- ओमसतिया-१, ठुटिपिपलमा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गर्नका लागी रु २० लाख बजेट छुट्याएको छु।
- ओमसतिया-२, पडसरीमा कोटहीमाइ आधारभुत विद्यालय भवन निर्माण कार्यलाइ निरन्तरता दिइ सम्पन्न गर्नका लागी रु २० लाख बजेट छुट्याएको छु।
- ओमसतिया-६, नरैनापुरमा रामजानकी रंगशाला र सचिवालय भवन निर्माण गर्न प्रदेश सरकार सँगको साझेदारीमा निर्माण कार्यलाइ निरन्तरता दिइ सम्पन्न गर्नका लागी रु ५५ लाख बजेट विनियोजन गरेको छु।
- ओमसतिया-४, वसन्तपुरमा रामजानकी बुद्ध सामुदायिक भवन निर्माण कार्यलाइ निरन्तरता दिइ सम्पन्न गर्नका लागी रु ४० लाख ५० हजार बजेटको व्यवस्था गरेको छु।
- ओमसतिया-३, ठठरिहवामा कृषी बाँध निर्माण कार्यलाइ निरन्तरता दिइ सम्पन्न गर्नका लागी प्रदेश सरकार सँगको साझेदारीमा रु ७३ लाख बजेटको व्यवस्था गरेको छु।
- ओमसतिया-३ मा रोहिणी खोला तटवन्ध निर्माण कार्यलाइ निरन्तरता दिइ सम्पन्न गर्नका लागी प्रदेश सरकार सँगको साझेदारीमा रु ९९ लाख बजेटको व्यवस्था गरेको छु।
- ठुटीपिपल मा.वि. नमुना एवं प्राविधिक विद्यालयको रुपमा विकास गर्न प्रदेश समपुरक अनुदान, जिल्ला समन्वयबाट प्राप्त रकम तथा गा.पा बाट विनियोजित वजेटबाट भवन निर्माण गर्न रु. १ करोड बजेट विनियोजन गरेको छु।

**अव म गाउँपालिकाबाट विनियोजित गा.पा स्तरीय अन्य आयोजनाहरु सभामा प्रस्तुत गर्न चाहन्छु।**

| कार्यक्रम/आयोजनाको नाम | जम्मा अनुमानित रकम |
|---|---|
| दरखसवा चिन्ताहरण कोहारको घरजाने अधुरो बाटो स्तरोन्नती वडा नं. ५ | ७,००,०००।- |
| धन्छी गाउँमा सामुदायिक भवन निर्माण वडा नं. ५ | ५,००,०००।- |
| गुजरपुरवा गाउँमा बाटो स्तरोन्नती वडा नं. ४ | ९,००,०००।- |
| वृन्द्रावन गाउँमा कालोपत्रे बाटो निर्माण वडा नं. ६ | १५,००,०००।- |



सुदरमति
सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

सुन्दरमति

| | |
|---|---|
| वर्दिहवा देखि दुमदुमुवा जाने बाटो हेवी ग्राभेल वडा नं. २ र ३ | ५,००,०००।- |
| सिसहनिया छोटेलाल गुप्ताको घरजाने गल्ली पि.सि.सि गर्ने वडा नं. ५ | ५,००,०००।- |
| नौडिया गाउँमा सडक पि.सि.सि.निर्माण वडा नं. ६ | ५,००,०००।- |
| मकबुल धुनियाको गाउँमा बाटो तथा पक्की नाली निर्माण वडा नं. ६ | ३,००,०००।- |
| ठुटीपिपल चोकमा रहेको मत्श्य विकास केन्द्रको सभाहल भवन मर्मत तथा संभार वडा नं. १ | ५,००,०००।- |
| जमुहानीमा रहेको बुद्ध अधुरो भवन निर्माण वडा नं. ६ | ७,००,०००।- |
| जीतपुर गाउँमा बाटो तथा नाला निर्माण वडा नं. २ | ४,००,०००।- |
| करुवानी गाउँमा कालोपत्रे बाटो निर्माण वडा नं. ३ | १०,००,०००।- |
| मुरालीको घरदेखि विन्द्रा चौधरीको अगाडी बाटो तथा पक्की नाला निर्माण वडा नं. ६ | ५,००,०००।- |
| वडा नं. 1 को विभिन्न टोलमा बाटो कालोपत्रे निर्माण वडा नं. १ | १३,००,०००।- |
| राहत उद्धार तथा आर्थिक सहायता गा.पा. | १२,००,०००।- |
| बर्दिया अधुरो सामुदायिक भवन निर्माण वडा नं. २ | ५,००,०००।- |
| बर्दीहवा छोटकी टोला नाली निर्माण वडा नं. २ | ५,००,०००।- |
| पडसरी गाउँमा सामुदायिक भवन निर्माण वडा नं. २ | ५,००,०००।- |
| कर्बलहा सामुदायिक भवन निर्माण वडा नं. २ | ५,००,०००।- |
| खानेपानी पाइप खरीद बितरण गा.पा. | १०,००,०००।- |
| बिजुली तार पोल गा.पा. | १२,००,०००।- |
| ह्युम पाइप खरीद गा.पा. | १०,००,०००।- |
| सिंचाइ बोरिङ्ग गा.पा. | १२,००,०००।- |
| कृषि बाटो निर्माण गा.पा. | १२,००,०००।- |
| बाटो मर्मत संभार कोष गा.पा. | १५,००,०००।- |
| संस्कृति प्रबर्धन कार्यक्रम गा.पा. | १३,००,०००।- |
| मदरसा निर्माण बेलहीया वडा नं. ६ | ६,००,०००।- |
| जमुहानी मन्दिर निर्माण वडा नं. ६ | ९,००,०००।- |
| गरीब बिपन्नलाइ आर्थिक सहायता कार्यक्रम गा.पा. | ९,००,०००।- |
| गरीब बिपन्न परीवारको छोरीलाइ बिवाहमा आर्थिक/सामाग्री सहायता गा.पा. | ५,००,०००।- |
| किशोरी अधिकार मञ्च कार्यक्रम गा.पा. | ३,००,०००।- |
| नरैनापुर कुसमहवा जाने कालोपत्रे बाटो निर्माण वडा नं. ६ | १८,००,०००।- |
| मझौली चोकमा नाली निर्माण वडा नं. ६ | ७,००,०००।- |
| मझौली गाउँमा गल्लि पि.सि.सि. ढलान वडा नं. ६ | ४,००,०००।- |



सुन्दरमति

सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

सुन्दरमति

| | |
|---|---|
| बालापुर हनुमान मन्दिरमा माटो फिलिङ्ग र कम्पाउण्ड घेर्ने वडा नं. ४ | ५,००,०००।- |
| दिपेन्द्र सहानीको घरदेखी अनिता भण्डारीको घर सम्म अधुरो बाटो पि.सि.सि. ढलान वडा नं. ४ | ४,००,०००।- |
| ओमसतिया ५ दरखसुवा छठ माइको घाट वडा नं. ५ | ३,००,०००।- |
| पुनमपथ देखि केवटलिया बाटो ग्रावेल वडा नं. २ | १५,००,०००।- |
| बघेलाखोला पुल निर्माण वडा नं. ६ | २०,००,०००।- |
| रामजानकी मन्दिर व्यवस्थापन वडा नं. २ | ५,००,०००।- |
| कृषीमा अनुदान गा.पा. | ५,००,०००।- |

**अव म वडा कार्यालयहरुबाट विनियोजित वडा स्तरीय आयोजनाहरु सभामा प्रस्तुत गर्न चाहन्छु।**

**वडा नं. १ तर्फ-**

| कार्यक्रम/आयोजनाको नाम | जम्मा अनुमानित रकम |
|---|---|
| प्रशासनिक खर्च | ७,००,०००।- |
| गंगापुर कालोपत्रे निर्माण | ८,००,०००।- |
| क्याप्टन टोल नाला निर्माण | ५,००,०००।- |
| लखनचोक नाला निर्माण | ३,००,०००।- |
| खुन्सा धर्मेन्द्र यादवको घरदेखि तिलोत्तमा न.पा. जोड्ने बाटो पि.सि.सि. | ४,००,०००।- |
| कटैया गाउँ भित्रका नाला निर्माण | २,००,०००।- |
| फरेना गाउँ नाला निर्माण र बाटो निर्माण | ३,००,०००।- |
| कृषी अवलोकन भ्रमण | २,५०,०००।- |
| वेचनाको घरदेखि दक्षिण बाटो पि.सि.सि. | २,००,०००।- |
| शिवटोल नाला निर्माण | २,००,०००।- |
| चुरा बहादुरको घरदेखि उत्तर तर्फ बाटो पि.सि.सि. | ४,००,०००।- |
| नवयुवा कप खेलकुद तथा साँस्कृतिक परिवार कार्यक्रम संचालन | १,५०,०००।- |
| अर्जुन ठकुरीको घरनिर बाटो कालोपत्रे | ५,५०,०००।- |
| खुन्साचोकदेखि कोटहीमाइ मन्दिर जाने बाटो पि.सि.सि.ढलान | ६,००,०००।- |
| ठुटिपिपल गाउँटोल समाज | १,००,०००।- |
| कालिका आमा समूहलाइ सिप बिकास तथा क्षमता अभिबृद्धि कार्यक्रम | १,००,०००।- |
| शिवशक्ति आमा समूहलाइ सिप बिकास तथा क्षमता अभिबृद्धि कार्यक्रम | १,००,०००।- |
| कृष्ण बास्तोलाको घरदेखि पश्चिम नाला निर्माण | १,००,०००।- |
| सैया खोला मर्मत तथा सरसफाइ | १,००,०००।- |



सुन्दरमति

सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

सुन्दरमति

| | |
|---|---|
| अनिल रुद्रको घरदेखि पश्चिम पि.सि.सि. | १,००,०००।- |
| लंघाली मगर भवन प्लाष्टर | १,००,०००।- |
| भुसालको घरदेखि उत्तर तर्फ पि.सि.सि. | २०००००।- |
| क्याप्टेन टोल सुधार समिति परिचालन तथा विविध कार्यक्रम | १,००,०००।- |
| सत्यवती आमा समूहका पदाधिकारीलाइ सिप विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम | १,००,०००।- |
| सिर्जनशिल महिला विकास बहुउद्धेश्यीय सहकारी सिलाइ कटाइ तालिम | १,००,०००।- |
| सुत्केरी पोषण कार्यक्रम | ५०,०००।- |
| किशोर किशोरीहरुका लागी आयमूलक तालिम | २,००,०००।- |
| लखनचोक टोल सरसफाइ तथा विकास समाज | १,००,०००।- |
| सामुदायिक विद्यालयका गरीव तथा जेहेन्दार विद्यार्थीलाइ स्टेशनरी वितरण | १,००,०००।- |
| मागमा आधारित कृषी विउविजन वितरण | १,५०,०००।- |
| मौसमी तरकारी खेती कार्यक्रम तालिम | १,५०,०००।- |
| नयाँ गाउँ बाटो निर्माण | ५,००,०००।- |

वडा नं. २ तर्फ-

| कार्यक्रम/आयोजनाको नाम | जम्मा अनुमानित रकम |
|---|---|
| सियारी गा.पा. सिमाना देखि कर्मडाडा सम्म कालो पत्रे | ३०,००,०००।- |
| दुर्गा मन्दिर पछाडी बाटो कालोपत्रे | १५,००,०००।- |
| सानो केउटेलिया अधुरो बाटो पि.सि.सि. | ३,००,०००।- |
| ठुलो केउटेलिया अधुरो बाटो पि.सि.सि. | ३,००,०००।- |
| पडसरी झमबहादुरको घर तर्फ जाने बाटो निर्माण | ३,००,०००।- |
| ह्युमपाईप वा तारपोल खरिद गरी वितरण | २,००,०००।- |
| जितपुर मन्दिर तर्फ जाने बाटो | ३,००,०००।- |
| बर्दिहवा पछाडी ठेकेदारको घर तर्फ जाने बाटो निर्माण | २,००,०००।- |
| केउटेलिया कालीमाई मन्दिर जाने बाटो निर्माण | १,००,०००।- |
| नयाँगाउँ बाटो निर्माण | ५,००,०००।- |
| लक्ष्मी नारायणमन्दिरको पुर्बपट्टीको घरदेखि ज्योति उप्रेतीको घरसम्म नाला निर्माण तथा मर्मत | १,००,०००।- |
| वडाका बिभिन्न बाटो निर्माण तथा मर्मत | ५,००,०००।- |
| प्रशासनिक खर्च | ७,००,०००।- |



सुन्दरमति
सुन्दरमती कुमारी हरिजन
न्यायिक समिति संयोजक

सुदरमति

वडा नं. ३ तर्फ-

| कार्यक्रम/आयोजनाको नाम | जम्मा अनुमानित रकम |
|---|---|
| लालपुर देखि स्वास्थ्य चौकी सम्म स्टयाण्डर्ड ग्राबेल | ४,००,०००।- |
| श्री काली तथा दुर्गा सामुदायिक अधुरो भवन निर्माण | ४,००,०००।- |
| दुम्दुमवा देखि लौसि खोला पुलसम्म स्टयाण्डर्ड ग्राबेल | ६,००,०००।- |
| तर्कुलहा देखि सेखुवाना सम्म स्टयाण्डर्ड ग्राबेल | ५,००,०००।- |
| सेखुवाना गाउँदेखि गा.पा.भवन सम्म स्टयाण्डर्ड ग्राबेल | ५,००,०००।- |
| फर्साटीकर चोकदेखि बालुनारायण चौधरीको घरसम्म गल्ली ढलान | ४,००,०००।- |
| फर्साटीकर पोखरीदेखि वडसारी जाने बाटो सम्म स्टयाण्डर्ड ग्राबेल | २,००,०००।- |
| लोहरौली गाउँदेखि डण्डा पुलसम्म तथा बडसारी जाने बाटो सम्म स्टयाण्डर्ड ग्राबेल | ५,००,०००।- |
| बडसारी अधुरो गल्ली ढलान | ५,००,०००।- |
| करुवानी गाउँदेखि चोक सम्म बाटो पिच | १६,००,०००।- |
| करुवानी डिवाहर मर्मत | २,००,०००।- |
| करुवानी बजार चोक फलफुल, तरकारी संकलन केन्द्र ट्रष्ट निर्माण | २,००,०००।- |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम | १,००,०००।- |
| एकल महिला सम्मान कार्यक्रम | १,००,०००।- |
| दलित सम्बन्धी क्षमता अभिबृद्धी कार्यक्रम | ५०,०००।- |
| मुस्लिम सम्बन्धी सिपमुलक कार्यक्रम | १,००,०००।- |
| जनजाती सम्बन्धी सिपमुलक कार्यक्रम | ५०,०००।- |
| अपाङ्ग प्रोत्साहन कार्यक्रम | ५०,०००।- |
| बडसारी डण्डा पुलदेखि करुवानी जाने बाटो स्टयाण्डर्ड ग्राबेल | ३,००,०००।- |
| नौडिहवा देखि खुम्सा जाने बाटो मर्मत | १,००,०००।- |
| अति विपन्न नागरीक मृत्यु संस्कारका लागि दाउरा वितरण | १,५०,०००।- |
| वडा भरिका यूवा/बालक्लबलाइ खेलकुद सामाग्री वितरण | १,००,०००।- |
| वडा कार्यालय शौचालय निर्माण | २,००,०००।- |
| प्रशासनिक खर्च | ७,००,०००।- |

सुदरमति

सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

सुन्दरमति

वडा नं. ४ तर्फ-

| कार्यक्रम/आयोजनाको नाम | जम्मा अनुमानित रकम |
|---|---|
| वालवालिका तर्फ श्री वसन्तपुर दशरथ जनता मा.वि प्रसौनीमा विद्यार्थिलाइ झोला वितरण | ३,३५,०००।- |
| आदीवासी जनजाती र महिला तर्फ पौरखी महिला बचत तथा ऋण सहकारीका शेयर सदस्यलाइ क्षमता अभिबृद्धि तथा प्रोत्साहन कार्यक्रम | २,४०,०००।- |
| बिपत/प्रकोप व्यवस्थापन गर्न उद्धार राहत तथा पुनस्थापनमा खर्च | १,००,०००।- |
| मधेसी, मुस्लिम तथा पिछडा वर्ग तर्फ कार्य्रकम गर्न | १,५०,०००।- |
| अति विपन्न परिवारलाइ दाह संस्कार तथा किरिया खर्च | ५०,०००।- |
| मागमा आधारित कृषी कार्यक्रम | २,००,०००।- |
| दलित तर्फ दलित सचेतना कार्यक्रम | १,२५,०००।- |
| अपाङ्ग प्रोत्साहन कार्यक्रम | ५०,०००।- |
| जेष्ठ नागरीक सम्मान कार्यक्रम | १,५०,०००।- |
| पननी पि.सि.सि. ढलान | १५,००,०००।- |
| समशानघाट प्रतिक्षालय रोहिणी नदिमा | १५,००,०००।- |
| अधुरो पि.सि.सि ढलान वेतवलिया | ३,००,०००।- |
| प्रसौनी बाटो कालो पत्रे | १०,००,०००।- |
| ठुलो बालापुर पाउरोटी फेक्ट्री जाने बाटो निर्माण | ४,००,०००।- |
| ठुलो बालापुर बरफ फेक्ट्री जाने बाटो निर्माण | ३,००,०००।- |
| काली मन्दिर जाने बाटो नाली निर्माण तथा पि.सि.सि निर्माण | २,००,०००।- |
| विभिन्न सडकमा मिस्कट खसाल्ने कार्य | ५,००,०००।- |
| पननी मदरसा मर्मत संभार/फर्निचर/पुस्तकालय व्यवस्थापन खर्च | १,००,०००।- |
| ठूलो बालापुर ठुलो मदरसा संभार/फर्निचर/पुस्तकालय व्यवस्थापन खर्च | १,००,०००।- |
| प्रशासनिक खर्च | ७,००,०००।- |

वडा नं. ५ तर्फ-

| कार्यक्रम/आयोजनाको नाम | जम्मा अनुमानित रकम |
|---|---|
| विपन्न महिला लक्षित कार्यक्रम | १,००,०००।- |
| बिपन्न बालबालिकाका लागि खेलकुद कार्यक्रम | १,००,०००।- |
| वडा अन्तर्गत युवा सिपमुलक कार्यक्रम | ५०,०००।- |
| सिपमुलक अपाङ्ग कार्यक्रम | ५०,०००।- |



सुन्दरमति
सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

सुदरमति

| | |
|---|---|
| फर्निचर खरिद वडा कार्यालय | १,००,०००।- |
| वडा अन्तर्गत सिपमुलक कार्यक्रम | १,००,०००।- |
| ओमसतिया रामजानकी माइ मन्दिर मेला/सांस्कृतिक कार्यक्रम | ५,००,०००।- |
| राहत उद्धार तथा विपत व्यवस्थापन खर्च | ५,००,०००।- |
| कृषी अवलोकन भ्रमण | ३,००,०००।- |
| भेटेनरी/पटखौली स्वास्थ्य चौकीको लागी औषधी तथा उपकरण खरिद | १,००,०००।- |
| कृषी सिचाइ प्रयोजनका लागि बोरिङ जडान पाइप खरिद | ८,००,०००।- |
| तैरेनी सामुदायिक भवन निर्माण | ३,००,०००।- |
| खेदनीको घरदेखि विरेन्द्रको घर सम्म पि.सि.सि.ढलान | ५,००,०००।- |
| धन्छी छठघाट निर्माण | २,००,०००।- |
| पक्की सडक देखि गौतम चाइको घरसम्म सिसहनिया पि.सि.सि.ढलान | ३,००,०००।- |
| पटखौली अधुरो सामुदायिक भवन तथा छठघाट | १०,००,०००।- |
| पिपरहिया पुरबाहेको घर देखि साधु तेलीको घरसम्म कालोपत्रे | ७,००,०००।- |
| पटखौली गंगाराम भुजको घर देखि पिन्टु भुजको घरसम्म पि.सि.सि. ढलान | ५,००,०००।- |
| अधुरो शिव मन्दिर प्लाष्टर गर्ने कार्य | १,००,०००।- |
| तैरेनी पशुपतिको घर देखि चिन्तामणीको घरसम्म पि.सि.सि. ढलान | ४,००,०००।- |
| पटखौली मदरसा निर्माण | ३,००,०००।- |
| भेलाइ मातृकाको घरदेखि राजकुमारको घरसम्म पि.सि.सि. ढलान | ३,००,०००।- |
| प्रशासनिक खर्च | ७,००,०००।- |

वडा नं. ६ तर्फ-

| कार्यक्रम/आयोजनाको नाम | जम्मा अनुमानित रकम |
|---|---|
| मागमा आधारित कृषि कार्यक्रम (मलखाद, बेमौसमी तरकारी बीउ वितरण) | ३,००,०००।- |
| स्वास्थ्य चौकी छोटकिरामनगर व्यवस्थापन तथा संचालन | २,००,०००।- |
| छोटकी रामनगर मा.बि. मर्मत संभार/फर्निचर/पुस्तकालय व्यवस्थापन खर्च | १,००,०००।- |
| शमशेर प्रा.बि. मर्मत संभार/फर्निचर/पुस्तकालय व्यवस्थापन खर्च | ५०,०००।- |
| भविष्य निर्माण आ.बि. मर्मत संभार/फर्निचर/पुस्तकालय व्यवस्थापन खर्च | ५०,०००।- |
| सगरमाथा आ.बि. मर्मत संभार/फर्निचर/पुस्तकालय व्यवस्थापन खर्च | २५,०००।- |
| मदरसा मर्मत संभार/फर्निचर/पुस्तकालय व्यवस्थापन खर्च | २५,०००।- |
| वडा कार्यालयद्वारा सामुदायिक विद्यालयका बिद्यार्थीलाई झोला वितरण | २,५०,०००।- |
| अति बिपन्न वर्गलाई आवास निर्माण | १०,००,०००।- |



सुदरमति
सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

सुदरमति

| | |
|---|---|
| ट्वाइलेट निर्माण गर्न नसक्ने अति विपन्न परिवालाइ ट्वाईलेट रिंग वितरण | १,००,०००।- |
| अति विपन्न परिवारलाइ धारा खानेपानी वितरण | ३,००,०००।- |
| वडा भरिका डिउहर मर्मत | २,५०,०००।- |
| वडा स्तरीय खेलकुद सामाग्री वितरण | १,००,०००।- |
| बौध बिहार निर्माण | १,५०,०००।- |
| ड्राइभिङ्ग तालिम | २,५०,०००।- |
| दलित वर्गलाइ तालिम | ५०,०००।- |
| जनजाती वर्गलाइ तालिम | ५०,०००।- |
| पिछडा वर्गलाइ तालिम | ५०,०००।- |
| एकल/जेष्ठ सम्मान | ५०,०००।- |
| महिला सिलाई कटाई | १,५०,०००।- |
| शमशेर आ.बि. पूर्व नरैनापुर कालोपत्रे बाटो | १५,००,०००।- |
| जमुहानी गल्लि पी.सी.सी. | ५,००,०००।- |
| डाडवागाउँ मा पी.सी.सी | २,५०,०००।- |
| बेलहिया डिउहर अधुरो भवन निर्माण | १,५०,०००।- |
| सस्कृति पयर्टन प्रर्वधन | २,००,०००।- |
| कृषि अबलोकन भ्रमण | २,००,०००।- |
| नरैनापुर सामुदायिक भवन निर्माण | ५,००,०००।- |
| किशोरी आत्मा रक्षा कार्यकम | १,००,०००।- |
| बेलहिया सडक निर्माण | ४,००,०००।- |
| प्रशासनिक खर्च | ७,००,०००।- |

**आदरणीय ओमसतिया गाउँपालिका अध्यक्ष, गाउँसभा सदस्य ज्यूहरु,**

अव म सार्वजनिक प्रशासन तथा सुशासन तर्फको वजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- गाउँकार्यपालिका कार्यालय वा अन्तर्गत वडा कार्यालयमा कार्यरत सम्पुर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीलाइ तलब भत्ता पोशाक लगायत सेवा सुविधालाइ रु २ करोड ८५ लाख विनियोजन गरेको छु।
- जनताको सेवामा अहोरात्र खटिने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरुको मासिक सेवा सुविधाको लागी रु १ करोड १ लाख ७० हजार बजेटको व्यवस्था गरेको छु।



सुदरमति
सुन्दरमती कुमारी हरिजन
न्यायिक समिती संयोजक

सुदरमति

- गाउँकार्यपालिका कार्यालय वडा कार्यालयहरु स्वास्थ्य चौकीहरु दैनिक कार्य संचालन, मर्मत संभार, मसलन्द, कार्यालय सामाग्री, बैठक भत्ता तथा इन्धन खर्च लगायतका विविध प्रशासनीक खर्चमा मितव्ययीता अपनाउन बजेट कटौति गरी अति आवश्यक कार्यमा मात्र खर्च गर्न वजेटको व्यवस्था गरेको छ।
- सार्वजनिक प्रशासनलाइ चुस्त दुरुस्त, पारदर्शी, सेवामैत्री एवं प्रभावकारी वनाउन आवश्यक वजेटको व्यवस्थापन गरेको छ।
- गाउँपालिकाको सम्बृद्ध विकास गरी नमुना गाउँपालिकाको रुपमा निर्माण गर्न प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्षसँग तथा विषयगत शाखा एवं वडा कार्यालयको कामकार्वाहीलाइ अझ बढी प्रभावकारी बनाउन विषयगत शाखा प्रमुख तथा वडा सचिवले प्रमुख प्रशासकीय अधिकृतसँग बार्षिक कार्यसम्पादन सम्झौता गरी सूचकका आधारमा कर्मचारीलाइ पुरस्कृत तथा प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ।
- कोभिड-१९ को बढ्दो महामारीलाइ नियन्त्रण तथा रोकथाम गर्न खटिने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिलाइ कोभिड स्वास्थ्य विमा गर्न आवश्यक बजेट विनियोजन गरेको छ।
- सूचना प्रविधि मैत्री, स्मार्ट एवं डिजिटल गाउँपालिका निर्माण गर्न आवश्यक वजेटको व्यवस्था गरेको छ।
- अनावश्यक खर्च कटौति गरी बजेट खर्चमा मितव्ययीता कायम गर्न आगामी आर्थिक बर्षको बजेटको चालु खर्चमा चालु आ.व को खर्च २० प्रतिशत भन्दा कम हुने गरी बजेट विनियोजन गरेको छ।

**आदरणीय गाउँपालिका अध्यक्ष तथा सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

अव म आर्थिक बर्ष २०७७/७८ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

- नेपालको संविधान अनुरुप स्थापित स्थानीय तहले आर्थिक ऐन अनुसार परिचालन गर्न पाउने आन्तरिक राजश्व चालु तथा प्रशासनीक खर्च गर्न वजेटको व्यवस्था मिलाएको छ।
- आगामी आ.ब. ०७७/७८ को लागी १०० जना व्यक्तिलाइ १०० दिनको रोजगारी सिर्जना गर्न प्रधानमन्त्री स्वरोजगार कार्यक्रम संचालन गर्न रु ५१ लाख ७० हजार वजेटको व्यवस्था गरेको छ।
- कृषी तथा पशुपालनजन्य व्यवसायमा राजश्व छुटको व्यवस्था मिलाएको छ साथै महिलाको नाममा रहेको सम्पत्ती तथा व्यवसायमा लाग्ने करमा विशेष छुटको व्यवस्था मिलाएको छ।



सुदरमति

सुन्दरमती कुमारी हरिजन

सुन्दरमति

- उद्योग व्यवसाय (इट्टा, केमिकल, लगायत वातावरणीय प्रदुषण गराउने), खोलानाला, पोखरी, तालतलैया लगायत प्राकृतिक स्रोतबाट राजश्व उठाउन कर जागरण अभियान संचालन गर्ने र सो बाट उठेको राजश्व मितव्ययी तरिकाले खर्च गर्ने व्यवस्था मिलाएको छु।
- कोभिड-१९ को कारणले जनजीवनमा परेको प्रत्यक्ष असर तथा हानिनोक्सानीलाइ ध्यानमा राखि व्यवसायी, आम नागरिकले तिर्नुपर्ने राजश्वमा (कर) यो आ.ब.को लागी जरिवाना नलिने व्यवस्था मिलाएको छु।
- अति विपन्न घरवार विहिन व्यक्ति, एकल महिला, ७० बर्ष नाघेका जेष्ठ नागरिक अपाङ्ग व्यक्तिको सिफारिस गर्दा लाग्ने राजश्व निशुल्क गराउने व्यवस्था मिलाएको छु।
- भौतिक पुर्वाधार निर्माण गर्दा नक्सा पास गर्न लाग्ने राजश्वमा विशेष छुटको व्यवस्था मिलाएको छु।
- लघुउद्यम गर्ने नागरिकलाइ विशेष कार्यक्रमको व्यवस्था मिलाएको छु।

अन्त्यमा, बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने यस क्षेत्रका प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, राजनैतिक दलका नेताहरु, गाउँसभाका सदस्यहरुबाट प्राप्त सहयोग सुझाव तथा मार्गदर्शनका लागी हार्दिक आभार प्रकट गर्दछु। बजेट तर्जुमा गर्दा अहोरात्र खटि सहयोग गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै यो बजेट पूर्ण रुपमा कार्वान्वयनमा लैजान सबै पक्षको पुर्ण सहयोगको अपेक्षा गरेको छु।

सुन्दरमति

सुन्दरमती कुमारी हरिजन

उपाध्यक्ष

ओमसतिया गाउँपालिका

सुन्दरमती कुमारी हरिजन

न्यायिक समिती संयोजक